प्रदेश सरकार
लुम्बिनी प्रदेश
# आर्थिक मामिला तथा योजना मन्त्रालय
(वित्त व्यवस्थापन महाशाखा)
मुकाम:बुटवल, नेपाल

☎ ०७१-५४००२९, ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : (वि.स.तथा अ.व्य.) २०७७/७८
चलानी नं. ५१८

मितिः २०७७।०८।२९

विषयः समपूरक अनुदानका आयोजनामा बचत रकमबाट पुनः ठेक्का सम्बन्धमा ।

श्री स्थानीय तहहरु(सबै),
लुम्बिनी प्रदेश।

प्रदेश सरकारको समपूरक अनुदानमा संचालित आयोजना/कार्यक्रमहरुमा बोलपत्रबाट घटाघट भई बचत हुन गएको रकमबाट सोही आयोजना/कार्यक्रमहरुमा बाँकी रहेको थप कार्य गर्नको लागि केही स्थानीय तहबाट सहमति माग गरेको सन्दर्भमा प्रदेश सरकारको समपूरक अनुदानमा संचालित सबै स्थानीय तहका आयोजना/कार्यक्रमहरुमा बोलपत्रबाट घटाघट भइ प्रस्तावित लागत अनुमान भन्दा कम रकममा BOQ मा उल्लेखित परिमाण बमोजिमको कार्य सम्पन्न हुने गरी ठेक्का स्वीकृति भई सम्झौता भएको र उक्त BOQ मा उल्लेख परिमाण बमोजिमको कार्य सम्पन्न गर्दा समेत आयोजना/कार्यक्रमको काम बाँकी रहने अवस्था भएमा सोको औचित्य र कारण स्पष्ट हुने गरी आयोजना तथा कार्यक्रमको लागि विनियोजित रकममा बचत हुने रकमबाट सोही आयोजनाको बाँकी कार्य देहाय बमोजिमका शर्तहरुको अधिनमा रही आयोजना/कार्यक्रम सम्पन्न गर्ने गरी सहमति दिन प्रदेश सरकार (माननीय मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्रीस्तर)बाट मिति २०७७।०८।२६ मा निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छः-

<u>देहाय</u>

१. स्वीकृत आयोजना/कार्यक्रमको BOQ मा उल्लेख गरिएको परिमाण बाहेकको थप परिमाणमा सोही आयोजना/कार्यक्रम कार्यान्वयनको लागि खर्च गर्नुपर्नेछ ।
२. सो आयोजना/कार्यक्रमको यस पूर्व ठेक्का बन्दोवस्त भएको बाहेकको थप काम हो भन्ने पर्याप्त आधार र पुष्ट्याइँ उल्लेख भएको हुनुपर्नेछ ।
३. सो आयोजना/कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरेको हुनुपर्नेछ ।

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# आर्थिक मामिला तथा योजना मन्त्रालय

(वित्त व्यवस्थापन महाशाखा)

मुकामःबुटवल, नेपाल

☎ ०७१-५४००२९, ०७१-५५०००३, ०७१-५५००६३


पत्र संख्या : (वि.स.तथा अ.व्य.) २०७७/७८

चलानी नं. :

४. प्रदेश सरकारले व्यहोर्ने रकम बराबरको रकम सम्बन्धित स्थानीय तह/उपभोक्ता समितिले व्यहोर्नुपर्नेछ ।

५. सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली,२०६४, समपूरक अनुदान व्यवस्थापन कार्यविधि,२०७५(प्रथम संशोधन सहित) लगायतका प्रचलित कानूनको पूर्ण रुपमा पालना गरेको हुनुपर्दछ ।

२०७७/०८/२३

जिवकला भण्डारी

अधिकृत सातौं

अधिकृत सातौं